स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी बैशाख ११ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'परालको आगो'को पहिलो आधिकारिक पोस्टर सार्वजनिक गरिएको छ। रहस्य र द्वन्द्व झल्काउने थिममा तयार पारिएको पोस्टरमा फिल्मका मुख्य तीन कलाकार सौगात मल्ल, प्रकाश सपूत र सुहाना थापा देखिएका छन्। उनीहरुलाई गम्भीर र चिन्तित मुद्रामा देख्न सकिन्छ। सिउँदोमा सिन्दूर र निधारमा रातो टीका लगाएकी सुहाना उदास देखिएकी छन्।

**आजको विचार...**



आम...
(दुई पेजमा)

कञ्चन

यतिबेला नेतादेखि कलाकारसम्मलाई चुनाव लागेको छ। केही कलाकारहरु आफैं उम्मेदवार बनेर चुनावी मैदानमा होमिएका छन् भने कति कलाकारहरु आफ्नो क्षेत्रका उम्मेदवारलाई जिताउन घरदैलो र सामाजिक सञ्जालमार्फत खुलेरै मत मागिरहेका छन्। यसपटक प्राय: कलाकारले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवारहरुलाई समर्थन गरेको देखिन्छ। रास्वपाका उम्मेदवारहरुलाई जिताउन मैदानमै उत्रिनेमा अभिनेत्री रेजिना उप्रेती पनि पर्छिन्।



❒ वर्ष ३१ ❒ अंक २११ ❒ २०८१ फागुन १६ गते शनिबार 28 February 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# निर्वाचन आचारसंहिता पालना गर्न प्रेस काउन्सिलको आग्रह

## 'निर्वाचनलाई स्वच्छ, निष्पक्ष मर्यादित बनाउन सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण'

**कृष्ण पोखरेल**

**पाल्पा, फागुन १५ /** प्रेस काउन्सिल नेपालका सदस्य केशव शरण लामिछानेले निर्वाचन आचारसंहिता भित्र रहेर समाचार प्रकाशन र प्रसारण गर्न आग्रह गरेका छन् । शुक्रबार पाल्पाको तानसेनमा प्रेस काउन्सिल नेपालको आयोजना र नेपाल पत्रकार महासंघ पाल्पा शाखाको संयोजनमा भएको 'निर्वाचन आचारसंहिता र मिडिया' विषयक अन्तरक्रिया कार्यक्रममा उनले यस्तो कुरा बताएका हुन् ।

लामिछानेले प्रेस काउन्सिको काम, पत्रकारिता आचारसंहिता र निर्वाचनका बेला पालना गर्नुपर्ने कुराहरुको बारेमा प्रस्तुतिकरण राख्दै निर्वाचन आचारसंहिता केवल कानुनी बन्धन मात्र नभई पत्रकारको नैतिक जिम्मेवारी समेत भएको उल्लेख गरे । उनले भने "प्रेसको दुरुपयोग जति बढ्छ उती नै यस क्षेत्रले जनविश्वास गुमाउँदै जान्छ, उनले भने-यस कारण पनि जिम्मेवार पत्रकारिता गर्नु जरुरी छ ।" मिडिया आफैमा एउटा सशक्त माध्यम भएको भन्दै उनले हाल नयाँ प्रविधिको भईरहेको दुरुपयोग प्रति चिन्ता व्यक्त



गर्दै यसतर्फ पनि जिम्मेवार बन्नुपर्नेमा जोड दिए । फागुन २१ को निर्वाचनमा लक्षित गरेर प्रेस काउन्सिललमा १ सय ६० वटा आचारसंहिता उलङ्घनका घटना आएको सदस्य लामिछानेले बताए । उनले विशेषगरी मौन अवधिमा सामाजिक सञ्जाल र अनलाइन मिडियाबाट हुन सक्ने प्रचार-प्रसार, गलत सूचना र भ्रमपूर्ण समाचार बाट जोगिनु पत्रकारको मुख्य चुनौती रहेको समेत उल्लेख गरे ।

कार्यक्रम निर्वाचनको समयमा सञ्चारमाध्यमले निर्वाह गर्नुपर्ने सन्तुलित भूमिका र पत्रकारिताको व्यावसायिक मर्यादाका विषयमा केन्द्रित रहेको थियो । कार्यक्रमका प्रमुख अतिथि एवं पाल्पाका मुख्य निर्वाचन अधिकृत हरिप्रसाद शर्मा उपाध्यायले जिल्लामा निर्वाचनको माहोल उत्साहजनक रहेको र आचारसंहिता पालनामा सबै पक्ष सचेत देखिएको बताए । मुख्य निर्वाचन अधिकृत उपाध्यायले जिल्लाभरबाट हालसम्म जम्मा एक वटा लिखित र २५ वटा मौखिक उजुरी मात्र प्राप्त भएको जानकारी दिए । हामीले प्राप्त मौखिक उजुरीहरूलाई तत्कालै प्रचलित निर्वाचन कानुन र निर्देशिका बमोजिम सचेत गराएर समाधान गरेको उनले बताए । पाल्पाका मिडिया हाउसहरूले देखाएको जिम्मेवारीपन प्रशंसनीय रहेको, पाल्पाली पत्रकारहरूबाट निर्वाचन प्रक्रियालाई सहयोग पुग्ने गरी सूचना प्रवाह भइरहेको मुख्य निर्वाचन अधिकृत उपाध्यायले बताए । प्रमुख जिल्ला अधिकारी बिनु बज्राचार्य कुवँरले निर्वाचनलाई शान्तिपूर्ण र भयरहित बनाउन प्रशासन कटिबद्ध रहेको र पत्रकार र सञ्चारमाध्यमको सहयोगले काम गर्न सजिलो भएको बताईन् । सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै सूचनाको संवेदनशीलता बुझेर निर्वाचन सम्वन्धी समाचार तथा गतिविधी संकलन गर्न प्रजिअ कुवँरले पत्रकारहरूलाई आग्रह गरिन् । काउन्सिलका सदस्य भिमलाल श्रेष्ठले काउन्सिलले देशभर नै मिडिया आचारसंहिता अनुगमनलाई तीव्र पारेको बताए । कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी एवं निर्वाचन आचार संहिता अनुगमन अधिकृत ऋषिराम सुवेदीले जिल्लामा आएका लिखित मौखिक उजुरीलाई कानुन अनुसार कारवाही गरिएको, केहीलाई सचेत गराईएको, जानकारी दिए । केही जनप्रतिनिधीहरु दलको प्रचार-प्रसारमा सहभागी भएको भन्ने मौखिम उजुरीमा पुन: १० वटै पालिकाका प्रमुख, उप प्रमुख, वडा अध्यक्षदेखी कार्यपालिका सदस्यसम्मलाई सचेत गराइएको उनको भनाई छ । कार्यक्रममा पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले जिल्लामा पत्रपत्रिका, अनलाई रेडियो र टेलिभिजन गरी ४० वटा मिडिया सञ्चालनमा रहेको र करिव १ सय जना पत्रकारहरु क्रियाशिल रहेकोमा कहि कतैबाट पनि मिडिया आचारसंहिता विपरित कार्य नभएको बताए । पाल्पामा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित बनाउन मिडियाले सहयोग गरिरहेको उनको भनाई छ । कार्यक्रममा जिल्लाका क्रियाशील पत्रकारहरूले प्रेस काउन्सिलको भुमिका, जिम्मेवारी, मोफसलका मिडियाले निर्वाचन सफल बनाउन खेलेको भूमिका, निर्वाचनका बेला समाचार संकलनका क्रममा भोग्नुपरेका व्यावहारिक कठिनाइ र सुरक्षाका विषयमा जिज्ञासा राखेका थिए । सातवटै प्रदेशका प्रमुख सहरमा निर्वाचन आचारसंहिता र मिडिया विषयक कार्यक्रम गर्दै आइएको काउन्सिलका उपप्रशासकिय अधिकृत तथा प्रशासन शाखा प्रमुख रहमतुल्ला मियाँले बताए । प्रेसकाउन्सिलका सदस्य एवं लुम्बिनी प्रदेश आचारसंहिता अनुगमन संयोजक विजयराज अधिकारीको अध्यक्षता,नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझीले सञ्चालनमा कार्यक्रम भएको थियो ।

## संक्षिप्त समाचार

### इजरायली आक्रमणमा पाँचको मृत्यु

**(रासस/एएफपी)**

**गाजा सिटी,** फागुन १५/ गाजाको नागरिक रक्षा मन्त्रालयले शुक्रबार इजरायली आक्रमणमा कम्तिमा पाँच जनाको मृत्यु भएको बताएको छ । इजरायल र हमासले सम्झौता उल्लैन गरेको आरोप लगाउँदै गत महिना दोस्रो चरणमा प्रवेश गरेको अमेरिकी मध्यस्थताको युद्धविरामको बावजुद प्यालेस्टिनी क्षेत्रमा हिंसा जारी छ । हमास अधिकारीहरूलगायत उद्धार बलको रूपमा काम गर्ने नागरिक सुरक्षा एजेन्सीले एएफपीलाई मध्य गाजामा शुक्रबार भएको हवाई आक्रमणमा कम्तीमा दुई जनाको मृत्यु भएको र एक जना गम्भीर घाइते भएको बताएको छ । मध्यरातको समयमा गाजा पट्टीको दक्षिणमा भएको ड्रोन आक्रमणमा तीन जनाको मृत्यु हुनुका साथै धेरै जना घाइते भएको एजेन्सीले जनाएको छ । अक्टोबर१० देखि लागु भएको युद्धविरामका सर्तहरू अन्तर्गत, इजरायली सेनाहरू निर्धारित स्थानहरूबाट फर्किए पनि आधा भन्दा बढी क्षेत्र नियन्त्रणमा अझै पनि नियन्त्रणमा रहेको जनाइएको छ । हमासद्वारा सञ्चालित गाजाको स्वास्थ्य मन्त्रालयले युद्धविराम सुरु भए पछि यस क्षेत्रमा निरन्तर आक्रमण जारी रहदा कम्तीमा ६०१ जनाको मृत्यु भएको बताएको छ । यसै विच इजरायली सेनाले यो अवधिमा भएका आक्राणमा कम्तीमा चार जना सैनिक मारिएको बताएको छ ।

## मतदान किन गर्ने ?


-लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन ।
-योग्य जनप्रतिनिधिको छनौट गर्न ।
-नागरिक कर्तव्य निर्वाह गर्न।
-जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न।
-निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न ।
-असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पाँच वर्ष काँग्रेसलाई मौका दिनुस्, नयाँ नेपाल बनाउँछौं : सभापति थापा

**बुटवल,** फागुन १५/नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले अबको पाँच वर्ष नेपाली कांग्रेसलाई मौका दिने हो भने नयाँ नेपाल बनाउने दाबी गरेका छन् । शुक्रबार बुटवलमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै उनले देशको विकास र सुशासन कायम गर्ने स्पष्ट कार्ययोजनासहित कांग्रेस अघि बढेकाले पाँच वर्ष सरकार चलाउने मौका पाए नयाँ नेपाल बनाउने बताएका हुन् ।

गाउँमा बाँदर नियन्त्रणदेखि तराईमा मलखादको समस्या समाधानसम्म ठोस योजना रहेको दाबी गर्दै उनले मतदातासँग अवसर मागे । "संकल्प गरेका छौं, जुन ५ वर्षमा पूरा गर्छौं । काम गर्नका लागि मौका दिनुस् ।



तपाईंको मतको सम्मान गर्ने जिम्मा कांग्रेसले लिन्छ । ५ वर्षको समय फेरि खेर नफालौं," थापाले भने । सभापति थापाले गाउँको विकाससँगै बढ्दो बसाईंसराइको समस्या समाधानका लागि पनि काँग्रेसले स्पष्ट योजना बनाएको बताए । "सबैतिर बिग्रेको छ । तर म एक्लैले गरेर हुँदैन। हामीले नयाँ नेपाल बनाउने गरी सबैलाई एक बनाएर लैजान सक्ने तयारी गरेका छौं,"उनले भने ।

सभापति थापाले भड्किला र उत्तेजक भाषणले मात्र देश नबन्ने पनि बताए । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र साहले सडकसहित विकास निर्माणका कामको जिम्मा लिएर अघि नबढाउनेलाई रुखमा बाँध्ने भनेर दिएको भनाइको जवाफ दिँदै उनले देश त्यसरी नबन्ने बताए । "यहाँको एयरपोर्टमा जहाज ल्यान्ड गरेन भनेर पाइलटलाई कोर्रा हानेर हुँदैन् । त्यसको समस्या हामीले पहिचान गर्नुपर्छ", उनले भने, "सडक किन ढिला बनिनरहेका छन् ? कानुनमा समस्या छ, त्यसैले मैले ४१ वटा कानुन फेर्नुपर्छ भनेको छु । कुनै साथीले भनेजस्तो सडक बनेन भनेर कसैलाई रुखमा झुन्ड्याउँछु भन्दैमा देश बन्दैन ।"(...बाँकी अन्तिम पेजमा )

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## गैरसरकारी संस्था दिवस र यसको भूमिका

विश्व गैरसरकारी संस्था दिवस शुक्रबार विश्वभर मनाइएको छ । गैरसरकारी संघसंस्थालाई समाज विकासमा थप हौसला दिन संयुक्त राष्ट्रसंघ (यूएनओ) ले हरेक वर्षको २७ फेब्रुअरीमा यो दिवस मनाउने गर्दछ । विश्वमा लाखौं गैरसरकारी संघसंस्था क्रियाशील छन् । समाज कल्याण परिषद्ले नेपालमा कार्यरत गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको दर्ता तथा नियमन गरिररहेको छ । विशेषात: दिवसले स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा गैरसरकारी संस्थाले समाजमा पु¥याएको योगदान र अन्य गतिविधिहरूको महत्वलाई विश्वसामु प्रस्ट पार्ने प्रयास गर्दछ । विश्वको तथ्यांकलाई हेर्ने हो भने कुनै पनि देशमा जब राज्य कमजोर हुन्छ, गैरसरकारी संस्थाको (गैसस) प्रभाव बढेको देखिन्छ ।

नेपाल लामो समयसम्म संक्रमणकालीन अवस्थामा रह्यो, दश वर्षसम्म आन्तरिक द्वन्द्वमा फस्यो र ठूला–ठूला प्राकृतिक विपत्ति आइपरे । नेपालमा १० वर्षे द्वन्द्व अन्त्य पछि र २०७२ सालको भूकम्प पछि गैससको संख्या उल्लेख्य बढेको पाइन्छ । पचास प्रतिशत भन्दा बढी गैससहरु समुदाय तथा ग्रामीण विकाससँग सम्बन्धित छन् । त्यो बाहेक शिक्षा, स्वास्थ्य, कृषि, वातावरण, महिला बालबालिका, युवा, फरक क्षमता भएका, एड्स लगायतका क्षेत्रसँग सम्बन्धित छन् । नेपाल सरकारले गैरसरकारी संस्थालाई विकासका साझेदार मान्दै आएको छ । राज्यले गैससलाई विकासको अवसरको रुपमा ग्रहण त ग¥यो तर देशको विकासको प्राथमिकता अनुसार प्रयोग गर्न सकेन । नेपालमा अन्तर्राष्ट्रिय गैससले समुदायमा सोझै कार्यक्रम सञ्चालन गर्न पाउने प्रावधान छैन र उनीहरुले नेपाल सरकार, नागरिक समाज तथा राष्ट्रिय गैसस मार्फत कार्यक्रम सञ्चालन गर्नु पर्ने हुन्छ । यति हुँदाहुँदै पनि केही अन्तर्राष्ट्रिय गैससले समुदायमा सोझै कार्यक्रम सञ्चालन गर्ने गरेको पाइन्छ । नेपालमा गैससको भूमिकालाई लिएर बेलाबखत नकारात्मक टीकाटिप्पणी हुने गर्दछ । गैससलाई डलर खेती गर्ने, प्रतिवेदन मात्र बनाउने, फोटो मात्र खिच्ने, बोर्ड मात्र झुन्ड्याउने, गोष्ठी तथा सेमिनारमा रकम खर्च गरेर सिध्याउने, परनिर्भरता बढाउने, राजनीति गर्ने, धर्म प्रचार गर्ने, भ्रष्टचार गर्ने लगाएतका आरोप लाग्ने गर्दछ । यसको प्रमुख कारण नेपालमा गैससहरुले अत्याधिक स्वतन्त्र रुपमा काम गरिराखेका छन् र राज्यको नियन्त्रण छैन । नेपालमा प्राय: गैससका लाभान्वित समुदाय छनौट, योजना निर्माण, कार्यान्वयन तथा अनुगमनमा राज्यको उपस्थिति अत्यन्त कमजोर छ । कतिपय अवस्थामा कुन ठाउँमा कुन संस्थाले के काम ग¥यो र तिनीहरुको कार्यालय कहाँ छ भन्नेसम्म राज्य बेखबर हुन्छ । गैरसरकारी संस्था बदलिँदो समय र सन्दर्भसँगै सामाजिक न्याय, लोकतन्त्र, मानव अधिकार, सुशासन, आर्थिक समृद्धि र समावेशी सिद्धान्तमा आधारित अन्तर्राष्ट्रिय मूल्यमान्यतालाई अङ्गीकार गरी सरकारको सहयोगीका रूपमा अगाडि बढ्नुपर्ने र सरकारले पनि उनीहरुलाई सोही अनुसार हेर्न जरुरी छ ।

### Opinion @ Social Network

भगवान चित्रमा होइन चरित्रमा बस्नुहुन्छ,
त्यसैले आफ्नो आत्मालाई मन्दिर बनाउनुहोस् ।
*(नारायण पोखरेलको फेसबुक स्टाटसबाट www.facebook.com/Narayan.Pokhar11)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आम निर्वाचन २०८२ : नेताभन्दा नागरिकको परीक्षा



**कञ्चन**

***नेताहरूले देशलाई मात्र नभई शब्द र भाषाहरूप्रति गरेको अन्यायको समेत अध्ययन गर्ने हो भने राम्रो शोध बन्न सक्नेछ । उग्रवामपन्थी धाराबाट लोकतान्त्रिक हुँदै हिन्दुवादको समेत साङ्केतिक वरण गर्न पुगेका प्रचण्ड पनि 'उही ड्याङकै' प्रवृत्ति देखाइरहेका छन्। लामो समयपछि मधेसमा पदार्पण गर्न पुगेका प्रचण्डले इन्कलाबसमेत गाए ।***

'इम्प्टी सिग्निफायर' भाषाविज्ञानको आधारभूत अवधारणाको रूपमा सिग्निफायर (सूचक) र सिग्निफाइड (सूचित) लाई हेर्ने गरिन्छ। सूचकले शब्द स्वयम्लाई नै जनाउँछ भने सूचितले उक्त शब्दले अभिप्रेरित गरेको अर्थ या वस्तुलाई जनाउँछ । दैनिक जीवनका सामान्य संवादहरूमा सूचक र सूचित एक-अर्कासँग जोडिएका हुन्छन् । तर, आम रूपमा राजनीतिमा भने सूचक र सूचितको सम्बन्ध टुट्ने गर्छ । राजनीतिक सिद्धान्तकार अर्नेस्टो लाक्लाउले यस्ता रिक्त सूचकहरू या शब्दहरूलाई 'इम्प्टी सिग्निफायर' को नाम दिएका छन् र यस्ता किसिमका रिक्तताहरूमा प्रत्येक नागरिकले आफूअनुसारको अर्थ भर्ने काम गर्छन् । जे सुन्न चाह्यो, त्यही भर्ने काम गर्छन् । राजनीतिज्ञहरूले यी शब्दहरूको खास अर्थ लगाउँदैनन् किनभने अर्थ खुलाउँदा उनीहरूको शक्तिलाई नष्ट गरिदिन्छ। यदि "क्रान्ति" को एउटा निश्चित र मूल अर्थ हुने हो भने, यसले त्यो विशेष परिभाषासँग सहमत हुने मानिसहरूको सानो समूहलाई मात्र आकर्षित गर्नेछ ।

**बालेनको विकासदेखि प्रचण्डको इन्कलाबसम्म**

रास्वपाका नेता बालेन शाहले धनगढीमा आयोजित कार्यक्रममा गएर गरेको भाषण जम्मा ३ मिनेटको थियो। लम्बेतान चुनावी भाषणहरू सुन्दासुन्दा कान पकाइसकेका नागरिकहरूले बालेनको सङ्क्षिप्त भाषणको प्रशंसा पनि गरे। हुन पनि हो, भाषणको लम्बाइभन्दा गहिराइ खोजिनुपर्ने बेलामा बालेनको भाषणको लम्बाइकै आधारमा आलोचना भने गरिनु हुँदैन । बालेनले उक्त भाषणमा भनेको कुरालाई केही वाक्यमा सङ्क्षेपीकृत गर्न सकिन्छ । 'सुदूरपश्चिमलाई सु-नजिक प्रदेश बनाउनुपर्‍यो । उम्मेदवारलाई हाम्रो कामको लिस्ट दिनुस्। भोट नदिए पनि हुन्छ, काम दिनुस् ।' यसपश्चात्का बालेनका भाषणहरू लगभग यही प्रकृतिका छन्। उनी निर्वाचन क्षेत्रअनुसारका स्थानीय विशेषताअनुसार आफ्ना भाषणहरूको रूप मात्र परिवर्तन गर्दै गइरहेका छन् । इटहरीमा जाँदा उनले उद्योग, कृषि र प्रकोपका विषयमा भएका समस्याहरू समाधान गर्न चाहेको पार्टी रास्वपा बन्न चाहेको बताए । उदयपुर होस् या कर्णालीका विकट बस्तीहरू, उनले यस्तै किसिमका भाषणहरू दिने गरेका छन् । उनले उठाएका समस्याहरू जायज छन् र विकासोन्मुख देशहरू जहाँ भौतिक पूर्वाधारको अभाव छ, त्यसलाई बालेनले राम्रैसँग बुझेको अनुमान लगाउन सकिन्छ । रवि लामिछानेको भाषणको प्रकृति हेर्ने हो भने चाहिँ उनी परिवर्तन गर्न सक्ने नेताभन्दा पनि आक्रोशलाई एक बिन्दुमा केन्द्रीकृत गर्न मात्र सक्ने प्रकृतिका देखिन्छन्। उनी परिवर्तन, समृद्धि, विकास आदि शब्दलाई लगातार प्रयोग गरेर लामो भाषण दिन सक्छन् तर ती शब्दहरूलाई ठोस आकार दिएर आफ्नो विचार भने राखेको देखिएको छैन। पपुलिस्ट पत्रकारको छवि अझसम्म नमेटिएर होला, उनी विकास, परिवर्तन, समृद्धि जस्ता शब्दहरूलाई पनि कुनै बौद्धिक आधारबिना 'फास्ट फुड' झैँ क्षणिक महत्त्वका कुराहरू सम्झेर बोल्ने गर्छन्। सामाजिक सञ्जाल फेसबुकमा रहेको एउटा भिडियोमा रविलाई एक महिला पात्रले उनका एजेन्डाविषयक प्रश्नहरू सोध्छिन् र रविले फेरि पनि विकास, समृद्धि र रोजगारीजस्ता ठूलाठूला विषय उठाएर प्रश्नको तौलबाट पन्छिन खोज्छन् । एमालेका सर्वेसर्वा केपी शर्मा ओली ( सीके लालको भाषामा 'ओली राजनीति') मा भने यस्तो प्रवृत्तिका अग्रदूत नै हुन्। ह्युमर र ठूलाठूला शब्दहरूको प्रयोग गरेर प्रत्येक प्रश्नको जवाफ फर्काउन सक्ने ओलीले अझ रविभन्दा एक तहमाथि पुगेर उग्र राष्ट्रवादको नारा प्रयोग गर्न अलिकति पनि हिचकिचाहट मान्दैनन्। भाषणमा मात्र नभई विभिन्न पत्रपत्रिकामा लेखिएका लेखहरूसमेतमा सत्य, निष्पक्ष, देशप्रेमका अमूर्त अवधारणाहरूमा परिक्रमा गर्ने गरेका छन्। नेताहरूले देशलाई मात्र नभई शब्द र भाषाहरूप्रति गरेको अन्यायको समेत अध्ययन गर्ने हो भने राम्रो शोध बन्न सक्नेछ । उग्रवामपन्थी धाराबाट लोकतान्त्रिक हुँदै हिन्दुवादको समेत साङ्केतिक वरण गर्न पुगेका प्रचण्ड पनि 'उही ड्याङकै' प्रवृत्ति देखाइरहेका छन्। लामो समयपछि मधेसमा पदार्पण गर्न पुगेका प्रचण्डले इन्कलाबसमेत गाए। मधेसको समस्यासँग प्रचण्ड आफैँ कत्तिको परिचित छन् भन्ने कुरा उनका शास्त्रीय मार्क्सवादी ज्ञान-गीत पेलानले नै थाहा पाइहालियो, तर पनि आफ्नो बानीमा अलिकति पनि संयम नराखी 'माओवादीबिना देश बन्दैन' जस्ता मुखर बयान गर्न उनी छाड्दैनन्। यस्तै किसिमका विकास, प्रगति, समृद्धि, राष्ट्रियता, रोजगार, इन्कलाब जस्ता शब्दहरूको तीव्र ध्वनिले हामीभित्रको जिज्ञासु प्राणीलाई हतप्रभ तुल्याउन सक्छ। हाम्रो प्रश्न गर्ने साहसलाई अवमूल्यन गर्न सक्छ । यस्ता इम्प्टी सिग्निफायरहरूदेखि बेलैमा सचेत भएर हामीले प्रत्येक राजनीतिक दलहरूको अन्तर्य बुझ्न भने सक्नुपर्छ ।

**किन गर्नुपर्छ प्रश्न ?**

प्रजातन्त्रको आगमनअगाडिसम्म त नेपाली नागरिकहरूलाई आफ्ना मूलभूत चाहनाहरू नै के थिए भन्ने कुरा थाहा थिएन। शासकको चाहना नै जनताको चाहना हुने समाज परिवर्तन भएर लोकतन्त्रमा आइपुग्दा पनि नागरिकको चाहना के हो भन्ने कुरा अझै नागरिकको हातमा नभएको कुरा हामीले देखिरहेकै हौँ।नेपाललाई आफ्ना आवश्यकताहरूबारे बेखबर राखेर युरोपको विकासका उदाहरण देखाउने अभ्यासलाई यसको दोष जान्छ । तेस्रो विश्वमा वैकल्पिक अर्थतन्त्रको कल्पना गर्नुपर्नेमा दलका भुइँ नटेकेका घोषणापत्रहरूले फेरि महत्त्वाकाङ्क्षाको पुरानै दौडमा प्रवृत्त गराएका छन्। आर्थिक वृद्धिदरका ठूलाठूला गफहरूमा नेपालको माटो र आवश्यकता सुहाउँदो अर्थतन्त्र भने डाक्टर भएका अर्थशास्त्रीहरूले पनि छाडेका छन्। इतिहासमा आदर्शहरूले ठोस समस्याहरूलाई उपेक्षा गर्दा राजनीति चक्रव्यूहमा फसेका उदाहरणहरू प्रशस्त छन्। कतै यो आर्थिक समृद्धिले हामीलाई आफ्नै अर्थ हेरेर पश्चात्ताप गर्नुपर्ने अवस्था त आउँदैन भनेर सन्देह गर्नुपर्ने अवस्था छ । त्यस्तै गठबन्धनका कुराहरूमा पनि हामीले प्रश्न गर्नुपर्नेछ। गठबन्धनहरूको निश्चित आयु नभएको कुरा असामान्य भने होइन। हुन त एक किसिमको प्रगतिशील वृत्तहरूमा हाम्रो समाजलाई स्थायित्व आवश्यक छ कि छैन भनेर पनि बहस गर्ने गरिन्छ । तर यसपटक भने यदि समाजले एउटा स्थायी सरकार प्राप्त गरेन भने समाज आफैँमा एक किसिमको शैथिल्यमा प्रवेश गर्ने देखिन्छ । तर सरकारको स्थायित्व भने राजनीतिक गठबन्धनले निर्माण गरेको समीकरणमा प्रमुखत: निर्भर रहने देखिन्छ । आसन्न चुनावकै अगाडि कुलमान घिसिङ नेतृत्वको समूह र रास्वपाको फुट देखिएको हो । जनतामा पार्टीको कुन वैचारिक आयाममा अमिल्दो आकृति भएर पार्टीहरू छुट्टिनुपरेको भन्ने कुराको यकिन नभएकाले एक हिसाबले जनताको निर्णयाधिकार अवमूल्यित भएको छ । र, समाजले आफ्नो सहभागिताको प्रश्नलाई भन्दा 'कल्ट फिगर' (Cult Figure) को खोजीलाई अधिक महत्त्व दिएको कुरा प्रस्ट भएको छ। तर बालेन र रविकै प्रवृत्ति हेर्ने हो भने नमिल्दा वैचारिक पक्षहरू छन् । यदि गठबन्धन राजनीति अङ्कगणितका लागि मात्र हो भने यी नयाँ शक्तिहरूले पनि पुरानो चाल खेल्न बाध्य हुनुपर्ने अवस्थाको आकलन जोकोहीले पनि गर्न सक्छन् । कहिलेकाहीं उद्देश्य हराएको समाजले आफ्नो ऊर्जावान् र ऊर्जाशीलको परिपूरकतालाई बिर्सिएर एक तत्त्वको बलले मात्र राजनीति गर्न खोज्छ, र त्यसको मूल्य कुनै एउटा सिङ्गो समयकाल या पुस्ताले तिर्नुपर्ने अवस्था पनि आउन सक्छ । यस्तै विषयहरूलाई लिएर हामीले आफूलाई र राजनीतिक दलहरूलाई प्रश्न गर्नुपर्ने आवश्यकता छ । र, सबैभन्दा महत्त्वपूर्ण प्रश्न त लोकतान्त्रिक प्रक्रियाको बारेमा हुन्छ । एउटा व्यक्तिको सहाराले विकास र निर्माण मात्र सम्भव हुने भए हामीलाई लोकतन्त्रको लडाइँ गरिरहनु आवश्यक थिएन । तर लोकतन्त्रले भने नागरिकको सहभागिता र आत्मिक विकासको पक्षलाई कहिल्यै अवमूल्यन गर्दैन । नागरिकहरूलाई उनीहरू आफैँको योगदानमार्फत विकास, समृद्धिलगायतका कुराहरूको आकार दिन चाहन्छन्। तर लोकतन्त्रको संस्थागत पक्ष र प्रक्रियाहरूलाई उपेक्षा गर्नु भनेको लोकतन्त्र-विरोधी पार्टी बन्नु हो र आफ्नै विरोधाभासमा अल्झिनु हो ।

**चुनावी चटारो**

प्रतिशोध र प्रेमको दूरी अत्यन्त छोटो हुन्छ। जसरी प्रचण्ड र ओली एक पटक जनतामा लोकप्रिय बनेर आएका थिए, रास्वपाको लोकप्रियता पनि त्यस्तै किसिमको छ । पुराना राजनीतिक दलहरूले भन्ने गरेका छन् कि उनीहरूको सार्थक प्रयासले देशले लोकतन्त्र प्राप्त गरेको थियो । तर देशको व्यवस्था परिवर्तन गर्ने शक्तिहरूले नै नयाँ देशको मार्गचित्र कोर्न सक्छन् भन्ने कुरा कहिलेकाहीँ पूर्वाग्रह मात्र पनि हुन सक्छ ।

लोकतन्त्र र यसअनुकूलको व्यवस्थाको दुहाइ पश्चिममा अधिकतर बज्ने गर्छ। तर विश्लेषकहरूले भने लोकतन्त्रका आधारस्तम्भहरू बिस्तारै क्रमिक रूपले पश्चिमबाट नै भत्किने गरेको कुरा गरेका छन् । निर्वाचनबिना जनताको शक्तिको कल्पनासम्म पनि गर्न सकिँदैन, तर निर्वाचनहरू यस ढङ्गले सञ्चालित हुन थालेका छन् कि त्यहाँ जनताको स्वायत्त निर्णयाधिकार लोकतन्त्रकै तथाकथित हस्तीहरूबाट पदक्रान्त हुनुपरेको उदाहरण विश्वमानचित्रभरि छरपस्ट देख्न सकिन्छ । हुन त निर्वाचनहरूले सदैव असल व्यक्तिहरू नै छानेका छन् भन्ने तर्क आफैँमा हास्यास्पद तर्क हो। चाहे त्यो अमेरिका होस् या फ्रान्स या युक्रेन, कमजोर र अहङ्कारी प्रवृत्तिका नेतृत्व वर्गहरू निर्वाचनकै माध्यमबाट निर्वाचित हुँदा देश मात्र नभई समग्र विश्वले नै कठिन समय भोग्नुपरेको सबैलाई अवगत नै भएको कुरा हो । मानिसहरूको सबैभन्दा कठोर त्रासदी भनेको नै यही हो कि उनीहरू अरूको अनुभवबाट मात्र होइन, आफ्नो अनुभवबाट समेत सिक्न असक्षम छन् । तर यसो भन्दैमा बुझ्न छाडिदिनु अकर्मण्यताको अर्को दृष्टान्त मात्र हुन जान्छ। त्यसमाथि आसन्न निर्वाचन नेताहरूभन्दा पनि नागरिकहरूको परीक्षा हो । त्यसैले इम्प्टी सिग्निफायरहरू बुझौँ, नेताको लोकप्रियताभन्दा धेरै नेताको परिपक्वता र प्रस्टता हेरौँ ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लब तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काम वा रोजगार पाईनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । | **तुला** : शैक्षिक क्षेत्रबाट सफलता मिल्नेछ । भाग्यले अवसर जुराउनेछ । |
| **वृष** : लेनदेनमा सजकता अपनाउनु पर्नेछ । अधिक धन खर्च हुनेछ । | **वृश्चिक** : व्यापार व्यसायबाट लाभ मिल्नेछ। विश्वास गरेकाले साथ दिनेछन्। |
| **मिथुन** : शुभ समाचार सुन्न पाइएला । दाम्पत्य जीवन सुखमय रहनेछ । | **धनु** : कार्यमा सफलता पाईनेछ । नयाँ व्यक्ति संग भेटघाट हुनेछ । |
| **कर्कट** : आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । भूमिबाट लाभ रहला । | **मकर** : कमजोर भएको अनुभूति हुनेछ । संयम रहनु होला । |
| **सिंह** : वित्तिय संस्थाबाट सहयोग पाईनेछ । मिष्ठान्न भोजन प्राप्ति होला । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । |
| **कन्या** : श्रमको उचित मूल्याङ्कन हुनेछ । पठनपाठनमा प्रगती हुनेछ । | **मीन** : नयाँ सवारी साधन प्राप्तिको योग छ । आँटेको र ताकेको कार्य पुरा होला । |

# साहित्य दर्पण

कथा — विमल लामिछाने

## तिर्न नसकेको हिसाव

*आमाका कुरामा केही प्रतिक्रिया नजनाइकन एकोहोरो सुनिरहन्थें मात्रै । मनमनै आमाको कुरालाई सही ठानेपनि आमालाई ढाडस दिँदै भन्थें के गर्नु आमा सरले घण्टी बजेपछिपनि पढाइरहनु भयो, अनि ढिला भइहाल्छ नि । अँ तेरोमात्रै पढाइ हुन्छ, उ धारापारीकाहरु अघि आए । लुङ्सुङदाङे, ठिङ्गेपुरे, खाम्बाङेहरु घरपुगिसके तेरोचाहिँ कसैले नपढेको स्कूल । लु छिटो खाजा खा, भित्र (समय अनुसारका स्कुस, तरुल, आलु,मकै, रोटी आदि) खाजा पकाएर राखेको छ । आमाको हातले पकाएको ज्जानोपानीमात्रै उमालेको झोल पनि कति मिठो लाग्थ्यो । साथीहरू गुड फ्राइडेको मुडमा हुन्थे । मलाई भने आमाको मुहारले घरमै तान्थ्यो ।*

नानी, स्कूलबाट अलि चाँडो आइज है, आज त रात नपार नि । घरमा अलि बेलैमा आउने गरेपो समयमा धन्दा छिनिन्छ, आमाको चिन्ता समयमै घरधन्दा छिन्ने छ । पहिलो पटक मजदुरीमा विदेशिन लागेको छोरालाई बिदाइ गरेजस्तै हरेक बिहान स्कुल जाने बेलामा आमा बिदाइ गर्नुहुन्थ्यो । आँखाले देख्ने ठाउँसम्म हेरिरहनुहुन्थ्यो । छोरो पाँच, छ घण्टापछि यही घरमा आउँछ भन्ने फिटिक्कै आमालाई लाग्दैनथ्यो । निकै टाढा जान लागेजस्तो बाटामुनीको गाउँ नकाटेसम्म हेरिरहनुहुन्थ्यो । बेलुका पनि पेटीमा बसेर जोरधारामाथि जापने कान्छाका रमिते ढुंगासम्म आँखा टट्याउन्जेल कतिबेला छोरो आउँछ भनेर हेरिरहनुभएकै हुन्थ्यो । अघिल्ला दिनका तुलनामा अलि छिटो आएपनि आँगनको पल्लो छेउमा आइनपुग्दै कति ढिलो गरेको ? आमा सोधीहाल्नु हुन्थ्यो । आमाका कुरामा केही प्रतिक्रिया नजनाइकन एकोहोरो सुनिरहन्थें मात्रै । मनमनै आमाको कुरालाई सही ठानेपनि आमालाई ढाडस दिँदै भन्थें के गर्नु आमा सरले घण्टी बजेपछिपनि पढाइरहनु भयो, अनि ढिला भइहाल्छ नि । अँ तेरोमात्रै पढाइ हुन्छ, उ धारापारीकाहरु अघि आए । लुङ्सुङदाङे, ठिङ्गेपुरे, खाम्बाङेहरु घरपुगिसके तेरोचाहिँ कसैले नपढेको स्कूल । लु छिटो खाजा खा, भित्र ( समय अनुसारका स्कुस, तरुल, आलु,मकै, रोटी आदि) खाजा पकाएर राखेको छ । आमाको हातले पकाएको ज्जानोपानीमात्रै उमालेको झोल पनि कति मिठो लाग्थ्यो । साथीहरू गुड फ्राइडेको मुडमा हुन्थे । मलाई भने आमाको मुहारले घरमै तान्थ्यो । बेलुका आमासँग खाना खाइनँ भने उहाँले छोरो भोकै हुन्छ जस्तो सम्झिँनु हुन्थ्यो । म बाहिर खाएर आएँ भनेपनि तैँले नखाए म पनि खान्नँ भनेर आमा त्यतिकै सुत्नुहुन्थ्यो, कहिलेकाहीँ छिमेकमा या साथीकोमा खाएर आए पनि आमाको मन राखिदिन भाग बस्नैपथ्र्यो । नामको पछि इन्द्र जोडिएका (विरेन्द्र, सुरेन्द्र, बुद्धिन्द्र, दिपिन्द्र) मेरी आमाका चारभाइ छोरामध्येको साँईलो हुँ म । आमा नामको पछि एकर लगाएर बोलाउनु हुँदैन भन्नुहुन्थ्यो, र इन्द्र जोडेरै बोलाउनुहुन्थ्यो । हरेक शब्द, कर्म र परिकारमा आमाको ममता थियो । जुनसुकै परिकार पनि निकै मिठो लाग्थ्यो आमाले पकाएको । आमापनि आफैले पकाएको गाँस र साथमानै छोराछोरीलाई स्कुल र कलेज पढाएकोमा समकक्षी र छिमेकीसँग गर्व गर्दै खुशी साटेको देखदा हामीमात्र होइन, छिमेकीहरुपनि दंग पर्थे । हिजोआज,आमासँग मेरो कहिलेकाहीँ मतान्तर हुन्छ र दोहोरी चल्छ, तर म जहिल्यै हार्छु । कहिल्यै जित्न सक्तिनँ आमालाई । अनि आमा भन्नुहुन्छ- ‘मैले पढाउँदा तिरेका पैसा फिर्ता ले’..... । आमालाई सयपत्रीको थुँगो, गौरी र गुणरत्नमाला फरर आउँछ, म अक्मकिन्छु, अनि आमा भन्नुहुन्छ ‘मेरा पैसा फिर्ता ले’ । आमालाई स्वास्थानीको कथा कण्ठस्थ र विश्वस्त छ, मलाई अधुरो र काल्पनिक लाग्छ । आमा रातभर भएपनि संगीनीमा नाँच्न र दोहोरीमा गाँउन सक्नुहुन्छ, मलाई कम्मर मर्काउनै आउँदैन । आमा तोरीको तेलले निधार मालिस गर्नुहुन्छ र अनुहार चम्किलो छ, म एलोभेरा र सुगन्धित अत्तर रोज्छु, आमा अर्ग्यानिक ढीँडो र साकाहारी भोजनमा रमाउँनुहुन्छ, मलाई चिकेनचिल्ली र रोष्ट चाहिन्छ, आमा आफ्नै उत्पादनमा रमाउ भन्नु हुन्छ, र नैतिक दृष्टान्त सिकाउनु हुन्छ, मलाई विदेशी र्याप मनपर्छ, अनि आमा फेरि भन्नुहुन्छ ‘मेरा पैसा फिर्ता ले’ । आमा र मेरो प्रेमिल संवाद जहिलेपनि गणितमा पुगेर भाँडिन्छ । गणितमा म आमाको हुन कहिल्यै सकिँन । आमा भन्नुहुन्छ - ‘तँलाई पढाउँन मैले बोकेका मलका भारी र फोरेका बारीका डल्ला गन्नुपरे तेरो क्याल्कुलेटरको अंकले भ्याउला ? तेरो स्कूलको फि तिर्न मैले गाँस काटेर बेचेको कोदो र चामलका दाना गर्न्नुपरे कति दिनमा हिसाव निकाल्छस् ? स्कुलमा नाम लेखाएको पैसा तिर्न तेरा बाले छिमेकी साहूका घर र गोठ छाउँदा औंलामा बाताले घोचेका डाम र खिल गर्न्नुपरे केको साहरा लेलास ? अँ हँ सक्दैनस् नानी हिसाव गर्नुपर्दैन’ । म आमाको अघि फिक्का हुन्छु । त्यही भएर मेरो नाता आमाको गणितसँग बलियो हुनपनि सकेन । किनभने म आमाको हिसाव तिर्नै सक्दिँन । महँगो छ आमाको हिसाव । आमा हाम्रो उमेरको अन्तर कति वर्ष छ भनेर सोध्दा औला भाँचेरै फ्याट भन्नुहुन्छ, मलाई क्याल्कुलेटर चाहिन्छ । आमालाई परिवारभित्र नाती, नातिनी र पनातीमात्रै नभएर आफन्तजतिको जन्मदिन कण्ठस्त छ, मैले फेसबुक हेर्नैपर्छ । आमालाई कुन कुन सालमा ठूलो पानी पर्यो, पहिरो चल्यो, कहिले भूकम्प आयो सबै थाहा छ, मैले कि मापन केन्द्रलाई सोध्नैपर्छ, कि गुगल सर्च गर्नैपर्छ । आमा कोरी, तोला र मानाको हिसाव ठ्क्कै निकाल्नु हुन्छ, मलाई केजी मात्रै आउँछ, म भन्छु मानौ ए बराबर .......। आमा भन्नुहुन्छ मानो आठ बरावर पाथी । म फेरि हार्छु । अनि आमा भन्नु हुन्छ- ... ‘मेरा पैसा फिर्ता ले’ । हुन त मलाई गणित सुरुदेखि नै मन परेको थिएन । गणितको कमजोर विद्यार्थी, म हिसाव हत्तपत्ती बुझ्दिन थिएँ । तर हिसाव बुझ्नैपर्छ भनेर साथीहरु मलाई कर गर्थे । मन अलमल थियो । कतिले विस्तारै बुझिहाल्छौ नि भने । कतिले ‘नबुझे पनि जिन्दगी चलिहाल्छ नि पनि भने । मैले कोसिस गरिहेरेँ । तर, हिसाव र पिसाव उस्तै रहेछ, नआउन्जेल आएहुन्थ्यो भन्ने, साहु बनेर हिसाव आएपछि थाम्नै गाह्रो । अहिलेका बैंकरलाई जस्तै । पछिल्लो समय बैंकहरुपनि हिसाव नजानेर टाट पल्टिदैछन् रे, मेरी आमाका अगाडीको म जस्तै । अझैपनि म त्रसित छु हिसावसँग । भागेको भाग्यै छु, सकेसम्म पाँचकोश जति परै रहन चाहन्छु । तर हिसाव भने बारम्बार मेरो अघिपछि लागेर आर्थिक कारोबारहरूको खोजीनिती गर्दै साँझ विहान हरेक समय आइरहेछ । हिसावमा हारेपछि मेरो पराजित हरियो मुहार देखेर आमा मलाई फेरि सम्झाउनु हुन्छ - ‘साहित्यमा विश्व अडेको हुन्छ । साहित्यका सामु सूर्यपनि निष्तेज हुन्छ । साहित्यले बुद्धि बढाउँछ । साहित्य सार्थक जिवनको दिप पनि हो । हिसाव नजानेपनि साहित्यचाहिँ विर्सन मिल्दैन है’ । आमा मलाई कथाहरू सुनाउँनु हुन्छ, मेरा लागि आमा उपदेशमुलक किताव नै हो । आमाका अथक प्रयासले आजकल मलाई अक्षरमा बग्न अंकसँग बग्नुभन्दा धेरै सजिलो लाग्न थालेको छ । मलाई जोड सिक्न खासै सकस परेन, घटाउ कताकता अप्ठ्यारै लाग्यो । आमा साहित्य जोडेरै सम्झाउनुहुन्छ । जीवनमा पनि साथीसँगी जोडिँदा कहाँ सकस पर्छ र ? गाह्रो हुने त घटाउनु पर्दा हो । प्रेममा पनि भावना जोडिँदा कति मज्जा आउँछ तर छुटिँन कति गाह्रो ? साहित्य रुचाउनेले कपीमा अंक र अक्षर भर्नमात्रै जानेर हुँदैन, मनमा प्रेम भर्न सक्नुपर्छ अनिमात्रै साहित्य फुर्छ । साथीभाइ राख्न सकिन्छ । म मुसुक्क हाँस्दै भन्छु -आमाका साहित्यमा गणित जस्तो जटिलता पनि रहेनछ नि । यस्तो मायाँ र प्रेमको हिसाव त मलाई निकै आउँछ नि आमा, तेसै मैले प्रेम विवाह गरेको हो त ? ढाडस दिँदै अझै थपेँ- हाम्रा बुबा र हजुरबाहरुपनि कति बाठा, जोड्न असाध्यै जान्ने । त्यही भएरपो रहेछ मेरी आमाको नामपनि मायाँ र प्रेमलाई जोडेर प्यारीमायाँ राखेका होलान है । अहिले आएर थाहा भयो असलमा आमाको साहित्यिक नाम पो रहेछ प्रेम अर्थात मायाँ । आमा जुरुक्क उठेर फेरि भन्नुभयो - ए यतिवेरमा त्यही पो बुझिस्,... मैले पढाउँदा तिरेका पैसा फिर्ता ले’..... । ...‘मेरा पैसा फिर्ता ले’ ।

*-समकालीन साहित्य डटकम*

निबन्ध — दिनेश पौडेल

## हामी किन यति बेचैन ?



‘अल टाइम इज फ्री टाइम, एभ्रिवान इज अ डक्टर ।’ भारतको कुनै टिभी कार्यक्रममा भारतीयहरूको चरित्रको बारेमा यो वाक्यांश भनिएको थियो । म देख्छु, यो वाक्य नेपालीको बारेमा पनि हु-बहु लागू हुन्छ । नेपालमा डाक्टरबाहेक सबैलाई रोग र औषधि थाहा छ । इन्जिनियरबाहेक सबैलाई घरनक्सा, पुल, सडक बनाउन आउँछ, शिक्षकबाहेक सबैलाई पढाउन आउँछ, न्यायाधीशबाहेक सबैलाई न्याय गर्न आउँछ, पुलिसबाहेक सबैले अपराधी चिनेका छन् । नेतालाई अझ सबैथोक आउँछ । यसै भएर यसमाथि अलिकति घोत्लिन लागेको छु म आज । केही वर्षअघि अर्थात् २०६८ सालतिरको कुरा, मेरो स्वरमा समस्या आयो । डाक्टर विज्ञलाई देखाएँ, उनले एक महीना पूर्णरूपमा ‘भ्वाइस रेस्ट’मा बस्न भने । मैले त्यो एक महीना एक शब्द पनि उच्चारण नगरी बिताएँ । इसाराले हाटबजार गरेँ, इसाराले भेटघाट र कामकाज गरेँ । स्कुलको शिक्षक थिएँ म उसबेला, शैक्षिक सामग्री बनाएर, उपलब्ध विभिन्न श्रव्यदृश्य सामग्री प्रयोग गरेर, बोर्डमा लेखेर र छलफल गराएर एक महिना चुइँक्क नबोली पढाएँ । आफन्तजन, साथीभाइ र चिनारुहरू मेरो स्वरमा आएको समस्याको बारेमा चिन्तित हुनुहुन्थ्यो । अनि आफूले जानेको औषधि सिकाउनुहुन्थ्यो । कति जनाले घरमा भएको कुनै जडीबुटी ल्याइदिनुहुन्थ्यो र त्यो कसरी तयार गर्ने, कहिले र कसरी खाने, विधिसमेत सिकाउनुहुन्थ्यो । त्यसबेला मैले थाहा पाएँ मेरो सहरको सडकमा हिँड्ने सबै मान्छे डाक्टर रहेछन् । कोहीचाहिँ त्यस्तै समस्यामा परेको उहाँहरूको कुनै आफन्तले दमकको एउटा डाक्टर, उता भद्रपुरदेखि कतापट्टिको गाउँको एउटा जान्ने, काठमाडौँको कुनै महँगो निजी अस्पताल वा अर्को के छ तुरुन्त सिफारिस गर्नुहुन्थ्यो ।

कोही चतरा जान र फलानाजी महाराजबाट यसको औषधि माग्न भन्नुहुन्थ्यो । अनि भन्नुहुन्थ्यो- ‘च्वाट्टै निको हुन्छ ।’ उहाँहरूसित भेट हुँदा मलाई सल्लाहको भारीका कारण अत्यन्त सकस हुन्थ्यो । म आफूले गर्दै गरेको उपचारको बारेमा लेखेर बताउँथेँ, अनि लेख्थेँ- ‘हजुरको सल्लाह मनासिब छ, तर अहिले म घोपाको ‘भ्वाइस स्पेसलिस्ट’ अर्थात् स्वरयन्त्र विशेषज्ञको सल्लाह मानिरहेको छु । हेरौँ न कस्तो हुन्छ ...।’ अर्को हप्तातिर पुन: भेट भइहाल्थ्यो । अनि सुरु हुन्थ्यो उपदेशको वर्षा- ‘मैले दिएको औषधि खाइरहनुभएको छ नि ! ठीक भयो ?’ वा ‘त्यति जान्ने डाक्टरको नाम सिफारिस गरेको, तपाईं कस्तो मान्छे ? चुप लागेर बस्ने हो ? के नपुग्दो छ तपाईंलाई ? गइहाल्नोस्, पैसा छैन भने हामीलाई भन्नोस् । कि आफू जान्नू, कि भनेको मान्नू !’ एक महिना मौन बसेपछि मेरो समस्या समाधान भयो । अनि अर्कोपल्ट जनैखटिराको समस्या देखियो । मैले तत्काल इन्टरनेटमा यसको कारण, लक्षण, परिणाम र समाधानको बारेमा खोजी गरेँ । म त्यसबेला डाक्टरहरूको एउटा अन्तर्राष्ट्रिय पेसागत सङ्गठनको पर्यवेक्षक सदस्य थिएँ, ‘मनोविज्ञान’ पढेको नाताले । त्यस सङ्गठनको वेबसाइटमा आफ्नो समस्या राखेँ । नाइटोवरिपरिको रातो भागको फोटो, लक्षण आदि सबै राखेँ । विशेषज्ञहरूले औषधि सुझाए । स्थानीय बजारमा ती कुनै औषधि पाइने रहेनछन् । बल्लबल्ल एउटाचाहिँ पाइयो- ‘क्यालामाइन लोसन’ । त्यसैले ठीक हुन्छ भनेका थिए । त्यो छालामा लाउने सामान्य औषधि हो र त्यसले ‘इन्फेक्सन’ हुनबाट रोक्ने मात्र हो । केही दिन त्यो लगाएपछि साँच्चै ठीक भयो । म दुई दिनमात्र स्कुल जान नसक्ने गरी बिरामी परेँ । लगभग पन्ध्र दिनमा पूरै ठीक भयो । जनैखटिरो भनेपछि कति पीडाजनक हुन्छ, मैले भनिरहनुपर्दैन । यसका कैयौँ बिरामी महिना दिनसम्म रोएको र अझ केहीलाई त वर्षौं पछिसम्म यसको पीडा नहटेको पनि देखेका छौँ । कति बिरामीलाई काठमाडौँ, सिलिगुडी, दिल्ली वा भेलोरसम्म दौडाएको पनि देखेका छौँ । तर बेलैमा उपचारमा लागेकाले खासै ठूलो समस्यामा परिनँ, बचेँ । फेरि यसपल्ट अर्को समस्यामा परेको छु । मोटरसाइकलबाट लडेर देब्रे गोडो भाँचियो । सुरुमा मलाई सामान्य मर्केको होला भन्ने लाग्यो । नजिकैको निजी अस्पतालमा पुगेँ । विशेषज्ञ डाक्टरले एक्स-रे गराए, हेरे, जाँचे, छामे अनि भने- ‘हड्डी भाँचिएको रहेनछ ।’ हाफ प्लास्टर गराएर घर पठाए । डाक्टरले भने- ‘दुई हप्तामा आउनू । हामी प्लास्टर खोलिदिन्छौँ । एक्स-रे हेरौँला त्यतिखेर फेरि ।’ घटना सुनेका निकै आफन्त, चिनारु र शुभचिन्तक आउनुभयो । कसैले तुरुन्त धरानको घोपा जान, विराटनगरको नोबेल जान, काठमाडौँको मेडिसिटी वा अर्को अस्पताल जान सुझाउनुभयो । कसैले उहाँको फलाना नेतासित सम्पर्क छ, तिनलाई भनेर डाक्टरसँग भेट्नुपर्छ भन्नुभयो । कसैले झापाको निताई, कसैले लाहानको कुनै आयुर्वेदिक डाक्टर त कसैले धनकुटाकी कुनै बूढीबजूको नाम लिनुभयो । सबैमा दृढ विश्वास थियो, आफूले जानेको उपाय सर्वोत्तम हो । ‘यसरी चुपचाप घरमै बसेर हुन्छ ? गइहाल्नोस् काठमाडौँ । म मेरा भान्जालाई भनेर फलानो विशेषज्ञ डाक्टरसँग अपोइन्टमेन्ट मिलाइदिन्छु ।’ कसैले भन्नुभयो । मैले सबैका कुरा सुनेँ । तर मैले आफूले देखाएको विशेषज्ञ डाक्टरको सल्लाह मानेँ । दुई हप्तापछि मैले सोचेँ- ‘नभाँचिएको ठाउँमा किन एक्स-रे गर्ने ? प्लास्टर त म आफैँ खोलिहाल्छु नि !’ प्लास्टर खोलेँ । हल्का सुन्निएको देखियो । केही दिन अरू पर्खेँ, सुधार देखिएन । चोट लागेको होला नभाँचिए पनि, मलाई लागिरहेको थियो । तर सुधार कत्ति पनि देखिएन । छक्क परेँ । अरू केही दिन बैसाखी नटेकी यताउता हिँडेँ । गोडो खोच्याउँदै । समस्या सुधार भएन । बरु सुन्निन पो थाल्यो । अनि सुरु भयो अस्पतालको यात्रा । विराटनगर दौडेँ । विशेषज्ञ डाक्टरलाई देखाएँ । एक्स-रे गराए । हेरे । ‘भाँच्चिएको छ ।’ ती डाक्टरले भने । ‘यहाँ त भाँच्चिएको देखिएको छैन । यस एक्स-रेमा के गल्ती भयो ?’ मैले पहिलेको एक्सरे देखाएर डाक्टरलाई सोधेँ । ‘तपाईंकै हो र यो ?’ उनले भने । मैले हो भनेँ । ‘त्यसोभए यसबीच तपाईं फेरि एक्सिडेन्टमा पर्नुभएको रहेछ । यो एक्स-रे क्लियर छ, यसमा त भाँचिएको देखिँदैन ।’ उनले पहिलेको एक्सरे राम्ररी हेरेर भने । म यसबीच खासै कतै गएकै छैन, गए पनि बिस्तारै खुट्टो खोच्याउँदै होसियारीसँग हिँडेको छु । कसरी यसबीच भाँच्चिन्थ्यो र ? ‘प्लास्टर लाउने कि स्टिल ? स्टिल लाए ढुक्क । मै लाइदिन्छु ।’ तिनले भने । ‘प्लास्टर लगाऊँ होला, अपरेसन गर्नुभन्दा त ।’ मैले भनेँ । अनि प्लास्टर लाएर थप छ हप्ताका लागि पुन: घरमा थन्किएको छु । यसबीच फेरि आफन्त र चिनारुहरू उसैगरी आउनुभयो । मेरो चोटको बारेमा उहाँहरू चिन्तित भएकैले त्यति टाढाटाढाबाट धाएर आउनुभएको हुन्थ्यो । उहाँहरूले मलाई राम्ररी सम्झाउनुभयो । खर्च गर्न नडराउन, परेमा सहयोग गर्न तयार छु भन्नुभयो । भद्रपुरतिरबाट मालिस गर्ने तेल र औषधि पठाइयो । लक्ष्मीमार्गबाट कुनै हरिया पात पठाइयो, खानुपर्ने । इटहरीकै आफन्तले शिलाजित, काँचो सिम्रिक र अरू अनेक पहाडी जडीबुटी किनाउनुभयो । ताप्लेजुङबाट आउनुहुँदा एक जनाले हडचुर र केके ल्याइदिनुभयो । कसैले भरेदेखि चिप्लेकीरा खानुपर्छ भन्नुभयो । कसैले चौँसुर प्रतिदिन खान भन्नुभयो । कसले अझ केके । म चुपचाप सबैको गिनिपिग भएँ । जे-जे भए पनि मान्दै गएँ । दिएको खाएँ, खपीनसक्नु तीता, दुर्गन्धी वा अमिला । खाँदैपिच्छे उल्टी होला कि भन्ने डर हुने । महमा मिसाएर, दूधमा घोलेर भए पनि खाएँ । दल्ने औषधिचाहिँ बाहिर-बाहिर मात्र दलेँ, प्लास्टरभित्रको भागलाई छोइनँ, सुरक्षित राखेँ । सुधार भइरहेको नै होला । प्लास्टर खोल्ने दिन अब थोरै छ । यति गर्दा पनि हाड नजोडिए अब स्टिल हाल्ने भनेका छन् डाक्टरले । म फिक्रीमा छैन । यतिका अस्पताल र डाक्टर हुँदाहुँदै हामी किन यति बेचैन ? किन यति आत्तिएका ? उपचारको नाममा बिरामीलाई दौडाएको दौडायै गरेर हामी बिरामीलाई किन यति दु:ख दिन्छौँ ? आफू पनि किन यति दु:ख पाउँछौँ ?

*-साहित्यपोस्ट डटकम*

# पाल्पामा १९ सय २३ अस्थायी मतदाता



**पाल्पा,** फागुन १५/यही फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि पाल्पामा एक हजार ९ सय २३ जना अस्थायी मतदाता रहेका छन् । दुई वटा अस्थायी मतदान केन्द्रबाट उक्त मतदाताहरुले मतदान गर्ने छन् ।

जिल्ला निर्वाचन कर्यालय प्रमुख महेश शर्माका अनुसार यहाँका तानसेनस्थित दी फेमस महेन्द्र दल गण र कारागारमा अस्थायी मतदान स्थल तोकिएको छ । जहाँ कारागार मतदान केन्द्रबाट ६९ जना र महिन्द्र दल गणअन्तर्गतको मतदानस्थलबाट १ हजार ८ सय ५४ जना मतदाताले मतदान गर्ने छन् । अस्थायी मतदाताहरूले समानुपातिकतर्फ मात्र मतदान गर्न पाउने गरी अस्थायी मतदान केन्द्र तोकिएको छ । निर्वाचनमा खटिएका मतदान अधिकृत र सहायक मतदान अधिकृतहरूले भने आफू खटिएकै केन्द्रबाट समानुपातिकतर्फको मताधिकार प्रयोग गर्न पाउने व्यवस्था मिलाइएको निर्वाचन अधिकारी शर्माले बताए । उनले निर्वाचनलाई उत्सवका रूपमा सम्पन्न गर्न अस्थायी मतदाताको हकमा विशेष ध्यान दिइएको बताए । शर्माले भने, "हामीले कर्मचारी, सुरक्षाकर्मी र कैदीबन्दी लगायतका अस्थायी मतदाताहरूको मताधिकार सुरक्षित गर्न दुईवटा विशेष केन्द्रको व्यवस्था गरेका छौँ । निर्वाचनलाई समावेशी र उत्साहजनक बनाउन कुनै कसर बाँकी राखिएको छैन ।'' पाल्पामा १९ सय २३ अस्थायी मतदाता प्रमुख शर्माले थपे, "निर्वाचनका लागि आवश्यक जनशक्ति व्यवस्थापन भइसकेको छ र कर्मचारीहरूलाई आफ्नो जिम्मेवारीप्रति सजग रहन निर्देशन दिइएको छ ।" दुई निर्वाचन क्षेत्र रहेको पाल्पाका स्थायी २ सय ५१ र दुई अस्थायी गरी २ सय ५३ मतदान केन्द्रमा निर्वाचन सम्पन्न गर्न २ हजार बढी कर्मचारी खटिने भएका छन् । ती केन्द्रमा १ हजार ५ सय बढी कर्मचारी खटिने छन् भने ५ सय बढी स्वयंसेवक मतदान केन्द्रमा खटिनेछन् । क्षेत्र नम्बर १ मा ५२ मतदान स्थलमा रहेका १ सय १७ मतदान केन्द्र छन् । क्षेत्र नम्बर २ मा ६६ मतदानस्थलमा १ सय ३४ मतदान केन्द्र रहेको छ । प्रत्येक केन्द्रमा मतदान अधिकृत एक, सहायक मतदान अधिकृत एक, सहायक कर्मचारी तीन र एक जना सहयोगी खटाइने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

# पाल्पामा मगर एकता दिवस मनाइयो




**पाल्पा,** फागुन १५/मगर समुदायको बाहुल्य रहेको पाल्पामा धुमधामका साथ ४४ औं राष्ट्रिय मगर दिवस मनाइएको छ । दिवसका अवसरमा यहाँका विभिन्न स्थानमा कार्यक्रम भएका छन् । तानसेन, रामपुर माथागढी, तिनाउ, निस्दीलगायतका स्थानमा सांस्कृतिक कार्यक्रम भएका हुन् ।

जिल्लाका विभिन्न स्थानमा भव्य सांस्कृतिक झाँकी प्रदर्शनसहितका सांस्कृतिक कार्यक्रमहरु भएको नेपाल मगर संघले जनाएको छ । दिवसको अवसरमा यहाँका दशवटै स्थानीय तहले सार्वजनिक बिदा दिए ।मगर समुदायमा विभिन्न परिकारका खाना खाने, नाचगान गर्ने, रमाउने गरेर दिवस मनाएका हुन् । मगरी परिकार बटुक, चुकाउने, अचार, सेलरोटी, नाम्या, बंगुर, कुखुराका परिकार खाएर रमाइलो गरे । "मगर एकता दिवस मगर बाहुल सबैका घर, गाउँटोलसम्म खुसीका साथ मनाएका छन्,"माथागढी गाउँपालिकाका निवर्तमान अध्यक्ष सन्तोष थापा मगरले भने, "मगर एकता दिवसमा मगर समुदायका लागि महत्त्वपूर्ण दिन हो । रमाउने, खुसीयाली साटासाट गर्ने दिनका रूपमा मनाउने गरिएको छ ।"

स्थानीय तहले सार्वजनिक बिदा दिएपछि पालिका कार्यालय, सबै वडा कार्यालय, स्वास्थ्य संस्था, सम्पूर्ण शैक्षिक संस्था बन्द रहे । मगर दिवसका अवसरमा गाउँ, टोलमा जम्मा भएर झाँकी प्रदर्शन, भेषभूषा प्रदर्शन, साँस्कृतिक कार्यक्रम, मगरी परिकारहरु प्रदर्शन, खाने, पिउने गरेका छन् । मगर जातिको अधिकार र अस्तित्वको रक्षाको लागि एकजुट भएर लागेको सम्झना अर्थात् नेपाल मगर संघको स्थापनाको अवसरमा प्रत्येक वर्ष फागुन १५ गते यो दिवस मनाईदै आएको छ । मगर समुदायले फागुन १५ गते सार्वजनिक विदा दिनुपर्ने, नेपालका प्रथम शहीद भनिने लखन थापालाई राष्ट्रिय विभूति घोषणा गर्नुपर्ने लगायतका माग राख्दै आएका छन् । तर आदिवासी जनजातिमध्ये पहिलो र समग्रमा तेस्रो ठूलो जनसंख्या भएको मगर समुदायको मागलाई सरकारले सधैं बेवास्ता गरेको उनीहरुको गुनासो छ । जिल्लामा ५४ प्रतिशतभन्दा धेरै मगरको बसोबास छ । विसं २०३९ फागुन १५ गते नेपाल लौली परिवार सैको प्रथम अधिवेशन सम्पन्न भएको सम्झनामा मगर समुदायले मगर दिवसको रुपमा मनाउन सुरु गरेका हुन् ।

# पाँच वर्ष काँग्रेसलाई मौका दिनुस्, ...

...सभापति थापाले गठबन्धन राजनीतिमाथि तीव्र आलोचना गर्दै भने, "गठबन्धन राजनीतिले राजनीतिलाई फोहोर बनाएको छ । कांग्रेस त्यो फोहोर सफा गर्ने गरी आएको छ ।" कांग्रेसले काममा पारदर्शिता र जवाफदेहिता अपनाउने प्रतिबद्धता व्यक्त गर्दै थापाले वैशाख १ गते आफूहरूले गर्ने कामको विस्तृत सूची सार्वजनिक गर्ने जानकारी दिए । "वैशाख १ गते कांग्रेसले आफूले गर्ने कामको फेहरिस्त तयार गर्ने छ। जेठ १ गते गरेका कामको समीक्षा गर्ने छौं र अर्को महिनाको योजनासहित अघि बढ्ने छौं," उनले भने ।


## सोमप्रसाद पाण्डेय
## उम्मेदवार पाल्पा क्षेत्र नं.२, नेपाली कम्युनिष्ट पार्टी
## प्रतिबद्धताहरु



आदरणीय पत्रकार तथा सञ्चारकर्मी साथीहरु !

पाल्पाको माटो, यहाँको विरासत र तपाईंहरूको अटुट विश्वास नै मेरो राजनीतिक यात्राको मुख्य ऊर्जा हो । पाल्पाली जनताले मत दिएर जनप्रतिनिधि भएदेखि सधैँ पाल्पाको हितलाई सर्वोपरी ठानेको छु । पाल्पाको समृद्धि, पाल्पालीको सेवा र पाल्पाको उज्वल भविष्यको मेरो संकल्प पूरा गर्नका लागि आगामी फागुन २१ गतेको निर्वाचनमा उम्मेदवारी दिएको छु ।

मेरा केहि प्रतिबद्धताहरु

१)तानसेनलाई ऐतिहासिक शहरको रुपमा विकास गरी पुराना वा नयाँ निर्माण गरिने घरहरूलाई मौलिक शैलीमा (तेलिया इट्टा/भक्तपुरे इट्टा) लगायतका सामग्रीको प्रयोग गरी पर्यटकीय आकर्षणको सुन्दर शहर बनाउने ।

२)सिद्धबाबा-तानसेन-भैरवस्थान-ऋषिकेश-रानीमहल र राम्दीलाई जोडेर एकीकृत धार्मिक तथा सांस्कृतिक पर्यटन सर्किट निर्माण गर्ने । तानसेनलाई हिल स्टेसनका रुपमा विकास गर्ने ।

३)तानसेन बन्दिपोखरादेखि प्रभास र दमकडा क्षेत्रलाई आवासीय शैक्षिक हवका रुपमा विकास गर्ने ।

४)पाल्पा मगर समुदायको बाहुल्यता भएको जिल्ला भएकोले मगर संस्कृतिको संरक्षण गर्दै राष्ट्रिय स्तरको 'मगर सङग्रहालय' कायम गर्ने र संसारका पर्यटक आकर्षण गर्ने राष्ट्रिय स्तरको 'मगर गाउँ' स्थापना गर्ने ।

५)श्रीनगरको मौलिकता नबिग्रने गरी बुद्ध गार्डेनको रुपमा विकास गर्ने र सो स्थानमा नेपालकै ठूलो बुद्ध मूर्ति स्थापना गर्ने । तानसेन काठमाडौंपछिको बुद्ध धर्मावलम्बीको बसोबास भएको क्षेत्र भएकाले यहाँका आनन्द विहार, महाचैत्य विहार, होलाङ्दी बुद्धविहार, महाबोधी विहार, धर्मचक्र महाविहार, शान्तीस्तुपा बुद्ध विहार, पारिलेकबन श्रीनगर र पालिकास्तरमा रहेका गुम्बाहरु लगायतको जीर्णोद्धार तथा निर्माण गर्ने र लुम्बिनी आएका पर्यटकहरुलाई पाल्पा ल्याउने गरी आकर्षक स्थल बनाउने । श्रीनगर वरपर वा उपयुक्त स्थानमा भगवान गौतम बुद्धको चार धाम तीर्थस्थल निर्माण गर्ने ।

६)माडीमा माण्डव्य आश्रम तथा बुडुवा लगाएत उपयुक्त स्थानमा माण्डब्य ताल निर्माण साथै रुरुक्षेत्रमा ऋषिकेश मोक्षधाम सरोवर निर्माण गर्ने ।

७)पश्चिम नेपालकै शैक्षिक धरोहरको रुपमा रहेको त्रिभुवन बहुमुखी क्याम्पस तानसेनलाई त्तब्ब को मापदण्ड पूरा गरी शैक्षिक अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने । अन्य शिक्षण संस्थाहरुमा व्यवसायिक तथा प्रविधियुक्त शिक्षाको लागि पहल गर्ने ।

८)पाल्पा अस्पताललाई अत्याधुनिक भौतिक पूर्वाधार र विशेषज्ञ सेवासहितको अस्पतालको रुपमा विकास गर्ने ।

९)युनाइटेड मिसन अस्पताललाई अन्तराष्ट्रियस्तरको मेडिकल रिसर्च सेन्टर, अध्ययन, अध्यापन केन्द्रको रुपमा विकास गर्ने ।

१०) नेपाल-अङ्ग्रेज युद्धको विजयगाथा झल्काउने 'एङ्गलो-नेपाल वार गार्डेन' र तानसेन-नुवाकोट-जितगढी 'युनिफिकेसन ट्रेल' (एकीकरण मार्ग) निर्माण गर्न एकीकृत विकास गुरुयोजना तयार गर्ने ।

११)ऐतिहासिक रणउजिरेश्वरी भगवती मन्दिरको पुननिर्माण र सौन्दर्यकरण दुई वर्षभित्र पूरा गर्ने ।

१२)बल्डेङ्गढीलाई राष्ट्रिय पार्कको रुपमा विकास गर्दै गढीको संरक्षण र प्रर्बद्धन गर्ने ।

१३)सिद्धार्थ राजमार्गको बुटवल-तानसेन-राम्दी खण्डलाई ३ वर्षभित्र स्तरोन्नति गर्ने । साथै, हार्थोक-छहरा मोटरबाटो २ वर्षभित्र कालोपत्रे गर्ने ।

१४)दोभान-बोटेगाउँ-मरेक-काशीभन्ज्याङ- ढुस्टुङ- बतासे -सातमुरे -गुल्मी सडक निर्माण गर्ने

१५)उद्योगमन्त्री र सांसद रहँदा सुरु गरेका भूतखोला-कचल, जगात-गोठादी, र माथागढी-देवदह, माडीफाँट रिङरोडजस्ता दर्जनौं सडकहरूलाई पूर्णता दिँदै ग्रामीण सहडकहरुमा बाह्रै महिना गाडी चल्ने व्यवस्था गर्ने ।

१६)तानसेनमा कम्तिमा ३५00 सिट क्षमताको अन्तर्राष्ट्रियस्तरको स्मार्ट सभाहल निर्माण गर्दै जुनसुकै मौषाममा पनि कार्यक्रम गर्न सकिने "इभेन्ट टुरिज्म हब" को रुपमा विकास गर्ने ।

१७)तानसेनमा नेवा छें ( नेवारी घर) निर्माण सहित 'टक्सार लिभिङ म्युजियम' बनाउने ।

१८)पाँच वर्ष भित्रमा पाल्पा क्षेत्र नं. २ मा आधारभूत विकास (शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, विद्युत) लगायतका सेवाको पहुँच सुनिश्चित गर्ने ।

१९)कृषि उत्पादनको आधुनिकीरण र व्यवसायीकरण गरी किसानको आयवृद्धि र स्वरोजगारी सृजना गर्ने । सुन्तला, अकबरे खुर्सानी, अदुवा, बेसार, अलैाची, एभोकाडो, ड्रागन फ्रूट, कफीलगायतको छुट्टाछुट्टै पकेट क्षेत्र घोषणा गरी उत्पादित सामग्रीको विविधिकरण (लघु उद्यम) र बजारीकणमार्फत युवा उद्यमशीलताको विकास गर्ने ।

२०)बाँदर, बदेल, दुम्सी, चितुवालगायतका वन्यजन्तुबाट हुने कृषिजन्य र मानवीय क्षति रोकथाम गर्न आवश्यक कानुन निर्माण गर्ने र पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्न पहल गर्ने । बाँझो जमिनलाई प्रयोगमा ल्याई व्यवसायीक कृषिमार्फत युवा रोजगारी सिर्जना गर्ने ।

२१)बगनासकाली, तानसेन हिल र रानीमहललाई समेटेर अन्तर्राष्ट्रियस्तरको साइकलिङ्ग ट्र्याक सञ्चालन गर्ने ।

२२)बढ्दो बसाइसराईलाई रोक्नको लागि तानसेनमा पर्यटन र शिक्षाबाट आयआर्जनको विकास गर्ने, तिनाउलाई खानीजन्य र जडिबुटी, रैनादेवी छहरा र रिब्दीकोटलाई अकबरे, सुन्तलाजात र मसलाजन्य बस्तुको उत्पादन, बगनासकालीमा मकैको बिउ उत्पादन जोन, सुन्तला कागती कफी लगाएतको उत्पादनबाट आयआर्जन र रोजगारीको ब्यवस्था गर्ने ।

२३) सिद्धार्थ राजमार्गको बुटवल तानसेन राम्दी खण्डमा दुवैतिर विविध प्रकारका फूलहरु रोप्ने र विभिन्न ठाउँहरुमा फल्चाहरु निर्माण गरी सौन्दर्यकरण गर्ने ।

२४) पाल्पाका अमूर्त सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गर्ने ।

२५) राष्ट्र, राष्ट्रियता, सविधानको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रको सर्म्वद्धन, राजनीतिक स्थिरताको लागि शषक्त भूमिका निर्वाह गर्नेछु र जेनजी आन्दोलनको भावना अनुसार भष्ट्राचार नियन्त्रण, सुशासन, सामाजिक न्याय र मुलुकको समृद्धिको पक्षमा निरन्तर लागि पर्नेछु ।

सशुल्क


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई